# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, साउन १५ गते, २०८१ साल (अतिरिक्ताङ्क ११

# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०८१/०४/१५ को निर्णयानुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम संशोधन एवम् हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. **<u>अनुसूची-१ मा संशोधनः</u>** अनुसूची-१ को क्र.सं ५,६ र ७ मा रहेका मन्त्रालयको नाम देहाय बमोजिम संशोधन गरिएको छः-

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| ५. | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय |

| | |
|---|---|
| ६. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय |

२. **अनुसूची-२ मा हेरफेरः** अनुसूची-२ को खण्ड ५, ६ र ७ मा देहाय बमोजिम हेरफेर गरिएको छः-

(क) खण्ड ५ को सट्टा देहायको खण्ड ५ राखिएको छः

५. उद्योग, पर्यटन तथा यातयात मन्त्रालय

| क्र.सं. | कार्य जिम्मेवारीहरु |
|---|---|
| १. | सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य, |
| २. | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन, |
| ३. | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना, |
| ४. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण , |
| ५. | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन, |
| ६. | व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र |

| | |
|---|---|
| | सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, |
| ७. | प्रादेशिक/व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन, |
| ८. | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, |
| ९. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता, |
| १०. | व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन, |
| ११. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय, |
| १२. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी, |
| १३. | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| १४. | उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन, |
| १५. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना |

| | |
|---|---|
| | तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार, |
| १६. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, |
| १७. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| १८. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन, |
| १९. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, |
| २०. | संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, |
| २१. | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय, |
| २२. | उपभोक्ता अदालत गठन र सञ्चालन, |
| २३. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन, |
| २४. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन, |

| | |
|---|---|
| २५. | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, |
| २६. | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २७. | प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन, |
| २८. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन, |
| २९. | प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| ३०. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन, |
| ३१. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग, |
| ३२. | संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी, |
| ३३. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन, |
| ३४. | प्रादेशिक पर्यटन विकास सम्बन्धी पूर्वाधारको विकास र निर्माण, |
| ३५. | प्रादेशिक पर्यटन विकासको नीति, मापदण्ड र योजना निर्माण, |

| | |
|---|---|
| ३६. | प्रदेशमा पर्यटन प्रवर्द्धन, |
| ३७. | पर्यटक सुरक्षा व्यवस्थापन, |
| ३८. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता, |
| ३९. | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी , |
| ४०. | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४१. | ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रदेशस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, |
| ४२. | ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर संरक्षण, सम्भार तथा पुनर्निर्माण सम्बन्धी नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं अध्ययन, अनुसन्धान तथा उत्खनन, |
| ४३. | धर्म, परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन, |
| ४४. | प्रदेश स्तरमा संग्रहालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवम् प्रदेशस्तरमा संग्रहालयको स्थापना, |

| | |
|---|---|
| | सञ्चालन तथा व्यवस्थापन, |
| ४५. | संस्कृतिको विकास सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४६. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन, |
| ४७. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, |
| ४८. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन, |
| ४९. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, |
| ५०. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन। |

(ख) खण्ड ६ को सट्टा देहायको खण्ड ६ राखिएको छः-

६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र.सं. | कार्य जिम्मेवारीहरु |
|---|---|
| १. | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २. | कृषि तथा पशुपंछीजन्य रोग, किरा एवं महामारी नियन्त्रण, |
| ३. | कृषि औद्योगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, |
| ४. | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, |

| | |
|---|---|
| ५. | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवम् विकास, |
| ६. | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन, |
| ७. | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, |
| ८. | खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र बिस्तार, |
| ९. | कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन तथा रैथाने बालि बस्तुको संरक्षण र प्रवर्द्धन, |
| १०. | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,, |
| ११. | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, |
| १३. | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन, |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, |
| १५. | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन, |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन, |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त |

| | |
|---|---|
| | वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन, |
| १८. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमि सूधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, |
| १९. | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, |
| २०. | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, |
| २१. | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप, नक्सा र अभिलेखको व्यवस्थापन, |
| २२. | नाप, नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना, |
| २३. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन, |
| २४. | गरिव घर परिवार पहिचान, भूमिहिन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २५. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २६. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन, |
| २७. | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय, |
| २८. | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक |

| | |
|---|---|
| | नीति तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, |
| २९. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन, |
| ३०. | सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य, |
| ३१. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन। |

(ग) खण्ड ७ को सट्टा देहायको खण्ड ७ राखिएको छः

७. भौतिक पूर्वाधार विकास मन्त्रालय

| क्र.सं. | कार्य जिम्मेवारीहरु |
|---|---|
| १. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन, |
| २. | प्रदेश लोकमार्गको स्तरोन्नति र मर्मत सम्भार तथा सडक सुरक्षा प्रविधिको उपयोग र विकास, |
| ३. | प्रदेश लोकमार्ग सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन र अनुसन्धान , |
| ४. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन, |
| ५. | प्रदेशमा निर्माण व्यवसाय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन, |
| ६. | प्रदेशमा निर्माण सामग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन । |

**आज्ञाले,**
**कृष्ण पौडेल**
**प्रदेश सरकारको सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय